रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

पत्र संख्याः
च.नं. :

गण्डकी प्रदेश, नेपाल
मितिः २०८१।११।२०

## सटर भाडामा लगाउने सम्बन्धी सूचना !

तेस्रो पटक प्रकाशित मितिः २०८१।११।२०

**सूचना !** **सूचना!!** **सूचना !!!**

यस रघुगंगा गाउँपालिका वडा नं. ३, तिल्केनी, गलेश्वरमा रहेको तपशिल बमोजिमको यस गाउँपालिकाद्वारा निर्मित २ वटा सटर र ट्वाइलेट बाथरुम सहितको ६ वटा कोठाहरु एकमुष्ट रुपमा भाडामा लगाउनुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिलः

| क्र.सं. | कोठा संख्या | न्यूनतम दर (प्रति महिना रु.) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | ६ वटा | १४,६४१.०० | १,०००.०० | |

शर्तहरुः

१. रघुगंगा गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई वा प्रभु बैंक लि. रघुगंगा शाखाको रघुगंगा गाउँपालिका आन्तरिक राजश्व खाताको खाता नं. १६३०११००२३०००१२८ मा बोलपत्र बमोजिम लाग्ने रकम (फिर्ता नहुने) जम्मा गरी बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८१।११।२६ गते) कार्यालय समय भित्र (सो दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुल्ने अर्को दिन) कार्यालयबाट लिई वा कार्यालयको वेवसाइट www.raghugangamun.gov.np बाट Download गरी ८ औं दिन (मिति २०८१।११।२७ गते) दिनको १२:०० बजेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी बोलपत्र प्रस्ताव कार्यालयमा दर्ता गराउनुपर्नेछ । सोही दिन अपराह्न २:०० बजे दर्ता भएका शिलबन्दी बोलपत्र प्रस्ताव खोलिनेछ ।

२. कबोल गरेको रकमको वार्षिक एकमुष्ट रकमको २० प्रतिशतले हुन आउने रकम बुँदा नं. ३ मा उल्लेखित यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सो बराबरको बैंक जमानत बोलपत्र प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्रको स्विकृति पश्चात सम्झौता गर्न आउँदा तीन महिनाको भाडा (कबोल गरे बमोजिम) रकम अग्रिम रुपमा यस कार्यालयको प्रभु बैंक लि. रघुगंगा शाखामा रहेको धरौटी खाताको खाता नं. १६३०११००२३००००५८ मा धरौटी स्वरुप जम्मा गर्नुपर्नेछ । सम्झौता अवधि समाप्त भएपछि उक्त धरौटी रकम फिर्ता गरिनेछ ।

४. भाडामा लिइएको सटरमा प्रचलित कानूनले निषेध गरेका सामानहरु भण्डारण तथा बिक्री वितरण गर्न पाइने छैन ।

५. सटर भाडा सम्झौता ३ वर्षको हुनेछ । दुई वर्षपछि १०% भाडा रकम वृद्धि गरिनेछ र तीन वर्षपछि पुनः गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

६. भाडामा लिइएको सटरको विघुत तथा खानेपानी महशुल स्वयम् बहालवालाले तिर्नुपर्नेछ ।

७. गाउँपालिकाबाट सटर भाडाका लागि स्विकृति पाएका व्यक्तिले तेस्रो पक्षलाई सटर भाडामा दिन पाउने छैन ।

८. शिलबन्दी आवेदन स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

९. सूचना सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र सम्झौता प्रचलित कानून बमोजिम हुनेछ ।

२०८१/११/२०

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Website: www.raghugangamun.gov.np E-mail: raghugangagapa1@gmail.com

श्री

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी ।

विषयः बोलपत्र प्रस्ताव पेश गरेको बारे ।

यस रघुगंगा गाउँपालिका वडा नं. ३, तिल्केनी, गलेश्वरमा रहेको यस गाउँपालिकाद्वारा निर्मित २ वटा सटर र ट्वाइलेट बाथरुम सहितको ६ वटा कोठाहरु एकमुष्ट रुपमा भाडामा दिने सम्बन्धि शिलबन्दी बोलपत्र प्रस्ताव आह्वान गरी यस रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८१।११।२० गते तेस्रो पटक प्रकाशित सूचना बमोजिम तपशिल अनुसार जम्मा रु................. (अक्षेरेपी रुपैयाँ ................................................) मा सटर भाडामा लिन मञ्जुरी भएकाले धरौटी बापत रु................. (अक्षेरेपी रुपैयाँ ......................................................) को बैंक भौचर / रु. ................... (अक्षेरेपी रुपैयाँ ......................................................) को बैंक जमानत पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी यसैसाथ संलग्न राखी बोलपत्र प्रस्ताव पेश गरेको छु ।

तपशिलः

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाले तोकेको न्यूनतम दर रु. | १४,६४१.०० | |
| २ | वोलपत्रदाताले कबोल गरेको रकम रु. अंकमा | | |
| ३ | वोलपत्रदाताले कबोल गरेको रकम रु. अक्षरमाः अक्षेरेपी | | |

निवेदक

नामः

बाबुको नामः

बाजेको नामः

ठेगानाः

भाडामा लिनुको प्रयोजनः

दस्तखतः

मितिः

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner